# नेपाल सरकार
# शिक्षा मन्त्रालय

(........................................................................ शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः- २०७२/०७३
चलानी नं.:- १३५

मितिः २०७२।०८।२०

**विषयः विद्यार्थी भर्ना सम्बन्धी प्रक्रिया स्थगन गर्ने सम्बन्धमा ।**

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर ।

प्रस्तुत विषयमा कृषि तथा बन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३ को उपदफा (२) मा यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट अनुदान प्राप्त गरी त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको चितवन जिल्ला स्थित कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर कृषि क्याम्पस र मकवानपुर जिल्लामा सञ्चालित हेटौडा बन क्याम्पस, हेटौडालाई संयुक्त रुपमा समावेश गरी कृषि तथा पशुविज्ञान अध्ययन संस्थान र रामपुर कृषि क्याम्पस परिसरमा उक्त विश्वविद्यालय स्थापना गर्ने व्यवस्था रहेको सन्दर्भमा दुवै विश्वविद्यालय बिच चल अचल सम्पत्ति हस्तान्तरण भइनसकेको कारण विद्यार्थी भर्ना लगायतका कार्यमा द्विविधा एवम् असहज स्थिति उत्पन्न हुन सक्ने देखिएकोले सो सम्बन्धमा राय सुझाव दिन यस मन्त्रालयबाट गठित समितिले प्रतिवेदन पेश नहुन्जेलसम्म त्यस विश्वविद्यालय अन्तर्गत बन विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय, पोखराले मिति २०७२।८।१७ गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी हेटौडा क्यामपस, हेटौडामा विद्यार्थी भर्ना गर्ने गराउने व्यवस्था हाललाई स्थगन गर्नु गराउनु हुन त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १७ को उपदफा (३) बमोजिम निर्देश गरेको छु ।

माननीय गिरिराजमणि पोखरेल
शिक्षा मन्त्री

(गिरिराजमणि पोखरेल)
शिक्षा मन्त्री
एवम्
सहकुलपति